## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पिप बग्नु
- स्तन दुख्नु वा सुनिनु
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३८ | काठमाडौं | मंगलबार, ०९ पुस २०८१ | Prabhab National Daily | Tuesday, December 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# रविको सांसद पद निलम्बनमा

### रास्वपा कार्यवाहक सभापतिको जिम्मेवारी अर्याललाई

❝ सम्मानित अदालतको न्यायिक प्रक्रियालाई पूर्णरूपमा सघाएर जाने निर्णय गरियो ।

■ **मनिष झा**
**कार्यवाहक प्रवक्ता, रास्वपा**



■ **जेबी योञ्जन**

**काठमाडौं–** पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सांसद पदबाट निलम्बित भएका छन् । निलम्बित भएसँगै अब रविले सांसदको हैसियतमा कामकाज गर्न त पाउँदैनन् नै सेवा सुविधा पनि पाउँदैनन् । संसद् सचिवालयले सोमबार उनको सांसद पद निलम्बनमा परेको सूचना प्रकाशन गरेको छ ।

उनी सम्पत्ति शुद्धीकरणसँगै सहकारी ठगी र संगठित अपराधका कसूरमा हाल कास्की प्रहरीको हिरासतमा छन् । सरकारी वकिल कार्यालयले आइतबार उनलाई प्रतिवादी बनाउँदै यी तीन मुद्दा दायर गरेको छ । यसपछि जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुख देवराज घिमिरेलाई सम्बोधन गर्दै लामिछानेको सांसद पद निलम्बनको मागसहित संसद् सचिवालयलाई पत्राचार गरेको थियो । उक्त पत्रका आधारमा संघीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले लामिछानेको सांसद पद निलम्बनमा परेको सूचना प्रकाशित गरेका हुन् ।

सूचनामा भनिएको छ, 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ मा प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिने छ ।'

लामिछाने चितवन-२ बाट लोकप्रिय मतका साथ विजयी सांसद हुन् । उनै लामिछानेको सांसद पद मुद्दाको किनारा नलाग्दासम्म निलम्बनमै रहने भएको छ । यदि, सम्पत्ति शुद्धीकरणसँगै सहकारी ठगी र संगठित अपराध मुद्दामा दोषी ठहरिए पद खारेज हुने संवैधानिक प्रावधान छ ।

उता रास्वपाले उपसभापति डोलप्रसाद (डिपी) अर्याललाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएको छ । सोमबार बसेको रास्वपा सचिवालय बैठकले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति अर्याललाई दिने निर्णय गरिएको कार्यवाहक प्रवक्ता मनिष झाले बताए ।

उनका अनुसार रास्वपाले लामिछानेको मुद्दामा अदालतको न्यायिक प्रक्रियालाई सघाएर अघि बढ्ने निर्णय पनि गरेको छ । बैठकमा लामिछानेविरुद्धका विभिन्न अभियोगबारे झाले जानकारी गराएका थिए ।

'पार्टी सभापति रवि लामिछानेविरुद्ध विभिन्न अभियोग लगाई सरकारले जिल्ला अदालत कास्कीमा दर्ता गरेको मुद्दाका विषयमा संक्षिप्त ब्रिफिङ गरियो,' झाद्वारा हस्ताक्षरित रास्वपाको निर्णयमा भनिएको छ, 'उक्त सम्बन्धमा सम्मानित अदालतको न्यायिक प्रक्रियालाई पूर्णरूपमा सघाएर जाने निर्णय गरियो ।'

क्रमशः पृष्ठ २ मा

## विवादमा लेखा समिति सभापति पोखरेल

# मार्गप्रसस्त गर्न माओवादीको माग
# बचाउमा उत्रिए सत्तापक्षका सांसद

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको नेतृत्वमा विवादित व्यक्ति बसिरहन नमिल्ने भन्दै समितिका सदस्यहरूले सभापति ऋषिकेष पोखरेलमाथि प्रश्न उठाएका छन् । सोमबारको समिति बैठकमा नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदीले विवादित व्यक्तिले राजीनामा दिएर मार्गप्रसस्त गर्न सुझाए ।

सहकारीको रकम अपचलन गरेको विषयमा परिवारका सदस्यमाथि प्रश्न उठेकाले पोखरेलले सभापतिबाट राजीनामा दिनुपर्ने मोदीको माग थियो । 'सभापतिबारे पनि प्रश्न उठिरहेको छ । कहीँ न कहीँ तपाईंको परिवार र तपाईंसँग जोडिन्छ,' मोदीले बैठकमा भने, 'सरकारको छायाँमा लेखा समिति भनेर पनि प्रश्न उठिरहेको छ । तपाईंकै दलको सरकार छ । तपाईं नै सभापति हुनुहुन्छ । मार्गप्रसस्त गरेको राम्रो ।'

एमालेका सांसदसमेत रहेका सभापति पोखरेलकी पत्नी अञ्जला कोइरालासहित २६ जनाविरुद्ध मोरङको धनपालथान गाउँपालिका-३ स्थित उमागौरी कृषि सहकारी संस्थाको रकम अपचलनमा संलग्न आरोपमा मुद्दा दायर गरिएको छ । जबकि यस्तै मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि लामो समय अनुसन्धानपछि यो विषय अदालतमा प्रवेश गरेको छ । यसैकारण लामिछानेको सांसद पदसमेत निलम्बनमा परेको छ ।

यस्तै विषयको मुद्दामा नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले सहकारीको रकम तिरेको भन्दै उन्मुक्ति पाइसकेका छन् । सहकारीको रकम अपचलनको प्रश्न उठेपछि सभापति पोखरेलले जवाफ दिनुपर्ने माग सत्तारुढ दल नेकपा एमालेकै सांसद योगेश भट्टराईले गरे । 'सभापतिज्यूको बारेमा कुरा उठेको छ । सुशासनको चेक एण्ड ब्यालेन्स समितिमा बसेपछि त्यसको जवाफ दिनुपर्छ,' भट्टराईले भने, 'ती कुरा उठेको छ, स्पष्टीकरण दिने फोरम हैन तर पनि यसमा जवाफ दिएर स्पष्ट दिनूस् ।'

सत्तापक्षकै सांसदले प्रश्न उठाएपछि पोखरेल डिफेन्समा उत्रिएका थिए । उनले आफू जुनसुकै परीक्षामा सहभागी हुन तयार रहेको उल्लेख गर्दै दलको निर्णय मान्न तयार रहेको तर्क गरे । 'म सबै परीक्षामा सहभागी हुन तयार छु । नेपालको कानुन प्रशासनमा विश्वास गर्छु,'



**ऋषिकेष पोखरेल**
सभापति, सार्वजनिक लेखा समिति

पोखरेलले भने, 'दलका सांसद भइसकेपछि दलहरूले जे निर्णय गर्ने हो त्यसैलाई मान्ने हो ।'

पोखरेलको विषयमा सत्तारुढ दल एमालेका सांसद गोकुल बास्कोटा भने बचाउमा उत्रिए । आरोप लाग्दैमा राजीनामा दिनु नपर्ने र सभापतिलाई हमला गर्न ठीक नहुने बास्कोटाको तर्क थियो । 'उहाँको परिवारको नाम आयो भने अपराधी नै सभापति हो भनेजस्तो सभापतिलाई हमला नगरौं । आरोप लाग्दैमा राजीनामा किन ?' बास्कोटाले प्रश्न गरे । पोखरेलले झैं बास्कोटाले पनि कानुन नै अन्तिम सत्य भएको तर्क गरे ।

'तनावको कुरा भएन तथ्य र सत्यले पुष्टि गर्छ भने राजीनामा गर्नुपर्छ । प्रतिशोध र पूर्वाग्रह कानुनी राजको गुण हैन, कानुन अन्तिम सत्य हो,' उनले भने, 'यहाँ सरकारमा नगएको को छ ? यहाँ आरोप नलागेको को छ ? आरोप लाग्यो भनेर सरकारमा नगएको को छ ?'

कांग्रेस सांसद राजन केसीले पनि पोखरेलको श्रीमतीलाई पक्राउ पुर्जी जारी भएको तर्क गर्दै उनलाई मुछ्न ठीक नहुने तर्क गरे । 'सभापतिको श्रीमतीलाई पक्राउ जारी भएको हो, सभापतिलाई हैन होला । सभापतिलाई यसमा मुछ्नु राम्रो हैन,' केसीले भने ।

क्रमशः पृष्ठ २ मा



सरकारको छायाँमा लेखा समिति भनेर पनि प्रश्न उठिरहेको छ । तपाईंकै दलको सरकार छ । तपाईं नै सभापति हुनुहुन्छ । मार्गप्रसस्त गरेको राम्रो ।

■ **अमनलाल मोदी**
**सांसद, माओवादी केन्द्र**



उहाँको परिवारको नाम आयो भने अपराधी नै सभापति हो भनेजस्तो सभापतिलाई हमला नगरौं । आरोप लाग्दैमा राजीनामा किन ?

■ **गोकुल बास्कोटा**
**सांसद, नेकपा एमाले**



सभापतिकी श्रीमतीलाई पक्राउ जारी भएको हो, सभापतिलाई हैन होला । सभापतिलाई यसमा मुछ्नु राम्रो हैन ।

■ **राजन केसी**
**सांसद, नेपाली कांग्रेस**

**सन्दर्भः वैदेशिक रोजगार**

### परराष्ट्र मन्त्रालयले भन्यो-

# म्यानमार, थाइल्याण्ड, कम्बोडिया, लाओससमा जाँदा सावधानी अपनाऊ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** म्यानमार, थाइल्याण्ड, कम्बोडिया, लाओसलगायतका मुलुकमा रोजगारीका लागि पुगेका नेपालीहरू समस्यामा पर्न थालेपछि सरकारले सचेतता अपनाउन आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयले ती मुलुकमा जान चाहने वा जाने तयारीमा रहेका नेपाली नागरिकलाई उचित ध्यान दिन र सावधानी अपनाउन अनुरोध गरेको हो ।

मन्त्रालयले सोमबार एक सूचना जारी गरी ती देशमा वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न भनेको छ । साथै, रोजगारीको प्रस्ताव स्वीकार गर्नुअघि विदेशस्थित सम्बन्धित




नेपाली नियोगमार्फत विदेशी फर्म, कम्पनी, रोजगारदाताको बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगतरूपमा ती फर्म, कम्पनी, रोजगारदाताको वेबसाइट चेकजाँच गर्न आग्रह गरिएको छ ।

हालका दिनमा मानव बेचविखन एवं अन्य आपराधिक गतिविधिमा संलग्न गिरोहले नेपाली

क्रमशः पृष्ठ २ मा

# मंसिरमा ८४ हजारभन्दा बढी विदेसिए

**काठमाडौं (प्रस)-** चालु आर्थिक वर्षको आठौं महिना अर्थात् मंसिरमा रोजगारीका लागि ८४ हजार २२६ जना विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार उक्त संख्यामा युवाहरू विभिन्न देशमा रोजगारीका लागि पुगेका हुन् । यसमा नयाँ र पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेसिनेहरू समेटिएका छन् ।

विभागको तथ्यांकअनुसार मंसिरमा नयाँ श्रम स्वीकृति लिनेको संख्या ४२ हजार ९०६ रहेको छ । जसमा महिलाको संख्या पाँच हजार ६१० र बाँकी पुरुष छन् । कूल श्रम स्वीकृति लिएकामध्ये महिलाको संख्या आठ हजार ६७१ र पुरुष ७५ हजार ५५५ रहेको छ ।

मंसिरमा विदेसिएकामध्ये व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको संख्या बढी देखिएको छ । यस महिनामा व्यक्तिगत श्रम स्वीकृति लिएर ५४ हजार ३७९ जना गएका छन् । जसमा पुनः श्रम स्वीकृति लिने ४१ हजार ३२० र नयाँ १३ हजार ५९ जना रहेको विभागले जनाएको छ ।

यस्तै २८ हजार ८६८ जना म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएर गएका छन् ।

क्रमशः पृष्ठ २ मा

# पोर्चुगलमा घुम्ती सेवाबाट ३३ सयले लिए सेवा

**लिस्बन (पोर्चुगल)-** पोर्चुगलमा सञ्चालित घुम्ती सेवा शिविरबाट तीन हजारभन्दा बढी नेपालीले सेवा लिएका छन् । फ्रान्सस्थित नेपाली दूतावासको टोलीले राजधानी लिस्बनमा सञ्चालन गरेको घुम्ती सेवाबाट झण्डै तीन हजार ३०० नेपालीले राहदानीलगायतका कागजात प्रमाणीकरणलसम्बन्धी (कन्सुलर) सेवा लिएको जनाइएको छ ।

घुम्ती सेवाबाट दुई हजार ४५१ वटा विद्युतीय राहदानी (ई-पासपोर्ट) वितरण गरिएको टोलीले जनाएको छ । शिविरबाट ६७८ वटा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट), २२९ वटा अन्य कागजात प्रमाणीकरण र राहदानी वितरण गरी झण्डै ३३ सय सेवाग्राहीलाई सेवा प्रदान गरिएको फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले जानकारी दिए ।

शिविरबाट ७७ हजार ३९० युरो अर्थात् एक करोड नौ लाख ११ हजार रूपैयाँ राजस्व संकलन भएको राजदूत भट्टराईले बताए । राहदानीको पर्खाइमा रहेका र प्रहरी रिपोर्टलगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका पोर्चुगलवासी नेपालीको सहजताका लागि घुम्ती शिविरमार्फत सेवा प्रदान गरिएको उनले बताए ।

'दूतावासको साधन र स्रोतले भ्याएसम्म पोर्चुगलवासी नेपालीलाई विशेष प्राथमिकता दिएर सेवा दिन प्रयत्नशील छौं,' राजदूत भट्टराईले भने,

क्रमशः पृष्ठ २ मा




# सेना र प्रहरीको अस्पताल सर्वसाधारणका लागि खुला गर्न पहल

**काठमाडौं (प्रस)-** नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीद्वारा सञ्चालित अस्पतालमा सर्वसाधारणलाई समेत सेवा दिने उद्देश्यले आवश्यक तयारी गर्न कार्यदल गठन गरिएको छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अतिरिक्त सचिव डा. टंक बराकोटीको नेतृत्वमा सेना तथा प्रहरीका अस्पतालमा सर्वसाधारणलाई समेत सेवा दिने गरी व्यवस्था गर्न कार्यदल बनाएका हुन् । कार्यदललाई सर्वसाधारणलाई समेत सेवा दिनका लागि आवश्यक कार्यविधि तयार गर्न र कार्यान्वयनको सम्भावनाबारे जानकारीसहितको प्रतिवेदन दिन भनिएको छ ।

गत जेठ ४ गतेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरी र नेपाली सेना मातहतका संस्थाबाट सर्वसाधारणका लागि स्वास्थ्य सेवा खुला गर्ने र स्वास्थ्य मन्त्रालयबाट सम्बन्धित मन्त्रालयसँगको सहकार्यमा स्वास्थ्य सेवा प्रवाह गर्ने सहकार्यको ढाँचा एवं कार्यविधि बनाउने निर्णय गरेको थियो । मन्त्री पौडेलले गत साता कार्यदललाई सशस्त्र प्रहरी बलद्वारा सञ्चालित अस्पतालका हकमासमेत अध्ययन गर्न निर्देशन दिएका थिए ।

पृष्ठ १ बाट क्रमशः

## विवादमा लेखा समिति...

लेखा समिति सभापति पोखरेलकी पत्नी कोइराला उमागौरी सहकारीको पूर्वसञ्चालक हुन् । सहकारी संकटमा परेपछि उनले २०७८ माघ ८ गते सहकारीबाट राजीनामा दिएकी थिइन् । प्रहरी अनुसन्धानका आधारमा मंसिर २७ गते कोइरालासहित २६ जनाविरुद्ध मुद्दा दायर गरिएको थियो । समितिका सभापति पोखरेलपत्नी कोइराला हाल फरार छिन् । उनीसहित अदालतमा उपस्थित नभएकाविरुद्ध पुस ३ गते जिल्ला अदालतले ३५ दिने म्याद जारी गरेको छ । उमागौरीले विभिन्न वित्तीय संस्थाबाट ११ करोड ५६ लाख ७८ हजार रूपैयाँ ऋण लिएको देखिन्छ । १८ करोड ४० लाख कुल पुँजीमा देखाएको सहकारीको वासलात रिपोर्टमा १७ करोड ८७ लाख ४२ हजार कर्जा तथा सापट लगानी रहेको उल्लेख छ ।

उमागौरी विराटनगरको शान्तिचोक बस्दै आएका शम्भुप्रसाद रौनियारले खोलेका थिए । उक्त सहकारी एमाले नेतासमेत रहेको समितिका सभापति पोखरेलको सुझावमा चल्ने गरेको स्थानीय बताउँछन् । सहकारीको रकम अपचलन भएपछि प्रहरीको फन्दामा पर्ने डरले पोखरेलकै योजनामा उनकी श्रीमती फरार भएको उनीहरूको आरोप छ ।

■■■

## रविको सांसद पद

लामिछानेको सांसद पद निलम्बन भएसँगै प्रतिनिधिसभामा रास्वपा संसदीय दलको नेताविहीन भएको छ । अब दलको बैठक बोलाएर नेता चुन्नुपर्ने अवस्थामा रास्वपा पुगेको छ ।

स्रोतका अनुसार अर्का उपसभापति डा. स्वर्णिम वाग्लेलाई दलको नेता बनाउने तयारी छ । तर, यसअघि लामिछानेले नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहरिँदै उपप्रधान तथा गृहमन्त्री, सांसद तथा पार्टी सभापति पद गुमाउँदा संसद्मा दलको नेता अर्याल नै भएका थिए । यसपटक भने संसदीय दलको नेता वाग्लेलाई बनाएर आफू पार्टीको नेतृत्व लिने पक्षमा अर्याल उभिएको स्रोतले जनाएको छ ।

लामिछाने पहिलोपटक चितवन-२ बाट ४ मंसिर २०७९ मा पुराना दलहरूका स्थापित नेताहरूलाई हराउँदै लोकप्रिय मतसहित संसद् आएका थिए । उनी देशभरमा सर्वाधिक लोकप्रिय मत प्राप्त गर्नेमध्येका एक सांसद हुन् । रविले आफ्नो निर्वाचन क्षेत्रमा ८३ हजार ९५६ जनाले मतदान गरेकोमा ४९ हजार २६४ मत पाएका थिए । जुन प्रतिस्पर्धीहरू कांग्रेसका उमेश श्रेष्ठ र एमालेका कृष्णभक्त पोखरेलले पाएको भन्दा ३४ हजार २८१ मत बढी हो ।

जबकि उनले ७ असार २०७९ मा पार्टी खोलेर चुनावमा प्रतिस्पर्धा गरेका हुन् । त्यसरी लोकप्रिय मतसहित निर्वाचित भएर संसद् आएको दुई महिना तीन दिन अनि उपप्रधानमन्त्री एवं गृहमन्त्री भएको करिब महिना दिनमात्र हुँदा दोहोरो नागरिकता मुद्दामा सम्पूर्ण सार्वजनिक गुमाउनुपर्‍यो । कारण, सर्वोच्च अदालतले १३ माघ २०७९ मा उनी नेपाली नागरिक नभएको फैसला गरेको थियो ।

तर पनि उनले नागरिकता मामिलामा आफ्नो कमजोरी स्वीकारेनन् । जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नेपाली नागरिकताको प्रमाणपत्रचाहिँ लिए । उनले आफ्नो नागरिकता अवैधानिक भन्ने आफूलाई 'थाहा नभएको' बताएका थिए । यद्यपि, उनको चुनावी नारा भने 'जान्नेलाई छान्ने' थियो ।

यसपछि १० वैशाख २०८० मा चितवन-२ मा पनि उपचुनाव भयो। उपचुनावबाट चितवनबासीले फेरि सानदार मतसहित लामिछानेलाई निर्वाचित गराए ।

त्यसबेला उनले आफूलाई चौतर्फी घेराबन्दी गरिएको प्रचार गरे । सरकारमा गएको महिना दिनमै पद गएकाले चितवनवासीले उनको कुरा पत्याए । परिणामतः रवि दोस्रोपटक संसद् आए । तर, यहीबेला उनीविरुद्ध पहिलेभन्दा झन् ठूलो कानुनी झमेला आइपरेको छ । त्यही भएर उनी निलम्बित भइसकेका छन् ।

उनीमाथि सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्म आरोप छ र उनी आइतबारयता अभियुक्त भइसकेका छन् ।

अभियोग ठहरिए उनी सांसद पदमुक्त हुने छन् । त्यस्तो अवस्थामा पाँच वर्षभित्र चितवनवासीले सर्वाधिक तीनपटक मतदान गर्नुपर्ने हुन्छ । यसमा राज्यकोषको अतिरिक्त रकमसमेत खर्च हुने छ । लामिछाने र उनको दल रास्वपाले भने अझैसम्म सरकारमा रहेका दुई दल कांग्रेस-एमालेले राजनीतिक प्रतिशोध साँधिएको दाबी गर्दै आएका छन् ।

तर, लामिछानेविरुद्ध सार्वजनिक भइरहेका प्रमाण उनीहरूको दाबीलाई खारेज गरिदिने खालका छन् । सहकारीको रकम ग्यालेक्सी टिभीमा ल्याएको, रकमान्तर गरेको, जिबी राईसँग संयुक्त खाता चलाएको, खर्च गरेको, चेकमार्फत ब्याज तिरेकोलगायत प्रमाण सार्वजनिक भइसकेका छन् । तिनै प्रमाणहरूले लामिछानेलाई पछिल्ला तीन मुद्दा भारी पर्ने देखिएको छ । अब भने जुनसुकै गल्ती र कमजोरीलाई 'थाहा छैन' भन्नु जान्नेलाई छान्ने नाराधारी सांसदका लागि अशोभनीय हुने पनि देखिएको छ ।

■■■

## म्यानमार...

नागरिकलाई कम्बोडिया, लाओस र म्यानमारमा लगेर जबरजस्ती अवैध कार्यमा लगाउने, रोजगारदाताले राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायत समस्या बढेका छन् । यस विषयमा जानकारी गराउँदै नेपाली दूतावास यांगुन र बैंककमा उद्धारका लागि आवेदन गर्ने नेपालीको संख्या उल्लेखनीयरूपमा बढोत्तरी भइरहेको घटनाप्रति मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको छ ।

मन्त्रालयले वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा पुर्‍याई अलपत्र पार्ने एवं निषेध गरिएका कार्यमा संलग्न नहुन वा त्यस्ता गैरकानुनी कार्य नगर्न/नगराउन र यसतर्फ सचेत रहन सबैमा अनुरोध गरेको छ ।

साथै मन्त्रालयले अनलाइन जुवा, कल सेन्टर-फ्रड, क्रिप्टो-करेन्सी ठगी आदिमा संलग्न शंकास्पद आइटी फर्मले बैंककमा रोजगारीका अवसरको प्रलोभन देखाई युवालाई ठगी गरिरहेको र पीडितलाई गैरकानुनीरूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यानमार लगी बन्दी बनाएर काम गर्न लगाइएको पाइएकाले त्यस्ता प्रलोभनमा नपर्नसमेत आग्रह गरेको छ ।

उल्लिखित विषयलगायत सम्बन्धमा कुनै जानकारी लिनुपरेमा नेपाली दूतावास, याहुनका द्वितीय सचिव गंगा सुन्दासको टेलिफोन नम्बर +९५ - ०१ - ९५४५८८०/ ०१ - ९५५७१६८ र हटलाइन/भाइबर/वाट्सएप नं +९५ ९२५१२४२०५१ तथा नेपाली दूतावास, बैंककका प्रथम सचिव खगराज पाण्डेको टेलिफोन नम्बर +६६८६९९१५५५४ (वाट्सएप) लाई सम्पर्क गर्न हुन अनुरोध गरिएको छ ।

यसअघि थाइल्याण्ड र म्यानमारमा प्रलोभन देखाई नेपालमा रहेका तथा वैदेशिक रोजगार र अध्ययनको सिलसिलामा युएईलगायतका मुलुकमा रहेका नेपालीलाई थाइल्याण्डको बैंकक र यांगुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यानमारको कायिन प्रान्तको म्यावडीमा लगी जबरजस्ती अवैध कार्यमा लगाइएको घट्ना सार्वजनिक भएको थियो । उक्त विषयका सन्दर्भमा मन्त्रालयबाट २०७९ पुसमा यात्रासम्बन्धी सूचना जारी गरेपछि प्रलोभनमा परी उक्त क्षेत्रमा जाने नेपाली नागरिकको संख्यामा कमी आएको थियो ।

■■■

## मंसिरमा...

जिटुजी प्रक्रियाबाट ९७९ जना रोजगारीका लागि विदेश गएको तथ्यांक छ ।

मंसिर महिनामा कूल १०० देशमा रोजगारीका लागि नेपालीहरूले गन्तव्य बनाएको देखिन्छ । जसमध्ये सबैभन्दा बढी युएईमा २४ हजार ७६९ जना पुगेका छन् । युएईपछि साउदीमा १८ हजार ११५ जना रोजगारीका लागि गएको विभागको तथ्यांकमा उल्लेख छ । यस्तै कतारमा १४ हजार ८४४, कुवेतमा छ हजार ६९० तथा मलेसियामा चार हजार ४६९ जना रोजगारीका लागि गएको विभागले जनाएको छ ।

■■■

## पोर्चुगलमा...

'यस वर्ष २०२४ मा मात्रै पोर्चुगलमा चारपटक घुम्ती शिविर सञ्चालन गर्‍यौं । पेरिसबाटै पनि छिटोछरितो सेवा दिन लागिपरेका छौं ।' आगामी दिनमा पनि आवश्यकताअनुसार पोर्चुगलमा टोली खटाएर सेवा प्रवाह गरिने उनले बताए ।

दस दिनसम्म सञ्चालन भएको शिविरबाट राहदानी वितरण र कागजात प्रमाणीकरणसम्बन्धी (कन्सुलर) सेवा प्रवाह गरिएको थियो । घुम्ती सेवामा दूतावासकी नियोग उपप्रमुख सीता बस्नेत, तृतीय सचिव दीपेन्द्रप्रसाद साह र दूतावासका स्थानीय कर्मचारी खटिएका थिए । टोलीले डिसेम्बर १२ देखि २१ तारिखसम्म लिस्वनबाट कन्सुलर सेवा प्रदान गरेको थियो ।

घुम्ती सेवालाई यहाँ क्रियाशील नेपाली संघ संस्थाले समन्वय र सहजीकरण गरेका थिए । घुम्ती शिविरमार्फत लिस्बनबाटै सेवा पाउँदा राहदानीको पर्खाइमा रहेका र प्रहरी रिपोर्टलगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका नेपालीलाई राहत मिलेको बताइएको छ । *रासस*


## राहदानी हरायो

मिति २०८१/०७/०३ गते साँगादेखि कोटेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : अर्जुन राई
राहदानी नं : १०६९६०८७
ठेगाना: खोटाङ
फोन नं : ९७४१७७३२६५



## युएइमा रोजगार

कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०८ | LT. No. 315655 | चलानी नं. ६०२३०१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १६ देखि १ माघ गते (31Dec 2024-14 Jan 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## युएइमा रोजगार

कम्पनी : SERVE U (L.L.C.)

पूर्व स्वीकृति मिति : २०८१/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०८ | LT. No. 305733 | चलानी नं. ६०२२०४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WATCHMAN | 2 | 0 | 1200 | ४४,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TEAM LEADER | 5 | 0 | 3000 | ११०,६१५ | | | | | | | |
| 3 | ROPE ACCESS CLEANERS (LEVEL 2) | 1 | 0 | 2500 | ९२,१८० | | | | | | | |
| 4 | PIPE FITTER | 2 | 0 | 1500 | ५५,३०५ | | | | | | | |
| 5 | PALM CUTTER | 2 | 0 | 1500 | ५५,३०५ | | | | | | | |
| 6 | OFFICE BOY/GIRL | 13 | 0 | 1200 | ४४,२४५ | | | | | | | |
| 7 | MULTI TECHNICIAN | 5 | 0 | 2100 | ७७,४३० | | | | | | | |
| 8 | LEAD HAND | 10 | 0 | 1200 | ४४,२४५ | | | | | | | |
| 9 | JANITORS | 144 | 0 | 1000 | ३६,८७० | | | | | | | |
| 10 | HELPER | 26 | 0 | 1200 | ४४,२४५ | | | | | | | |
| 11 | GARDENER | 3 | 0 | 1200 | ४४,२४५ | | | | | | | |
| 12 | ELECTRICIAN | 2 | 0 | 2000 | ७३,७४० | | | | | | | |
| 13 | DATE PALM CLEANER | 1 | 0 | 1200 | ४४,२४५ | | | | | | | |
| 14 | CHILLER TECHNICIAN | 1 | 0 | 2000 | ७३,७४० | | | | | | | |
| 15 | CCTV | 3 | 0 | 2602 | ९५,९४० | | | | | | | |
| 16 | CARPENTER | 1 | 0 | 1600 | ५८,९९५ | | | | | | | |
| 17 | BMS OPERATOR | 2 | 0 | 2000 | ७३,७४० | | | | | | | |
| 18 | AC TECHNICIAN ASSISTANT | 1 | 0 | 1200 | ४४,२४५ | | | | | | | |
| 19 | AC TECHNICIAN | 3 | 0 | 2000 | ७३,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १६ गते (31st Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## युएइमा रोजगार

कम्पनी : EMERGING WORLD - F.Z.C

पूर्व स्वीकृति मिति : २०८१/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०८ | LT. No. 307524 | चलानी नं. ६०२२२२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Duty Driver (Uae Driving Lice | 20 | 0 | 2300 | ८४,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sales-man | 16 | 24 | 1500 | ५५,३०५ | | | | | | | |
| 3 | Stockers - Male | 20 | 0 | 1200 | ४४,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: झापा, बिर्तामोड, सी.पी होटलमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।
कास्की, पोखरा, बाजेको सेकुवामा मिति: २०८१ पौष १३ गते (28th Dec. 2024) मा हुनेछ ।
काठमाडौं, छ्यो-छ्यो रेष्टुरेन्टमा मिति: २०८१ पौष १४ गते (29th Dec. 2024) मा हुनेछ ।
चितवन, भरतपुर, रेड कार्पेट होटलमा मिति: २०८१ पौष १५ गते (30th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


M.B. HUMAN RESOURCE PVT.LTD.
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com
Govt. License No. 1504/074/75



## साउदीमा रोजगार

कम्पनी : Al-Zad Integrated Company for Providing Meals

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 315745 | चलानी नं.६०२३००७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ali Abdullah Al Qahtani Commercial Company

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315742 | चलानी नं.६०२३००७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ali Abdullah Al Qahtani and Amer Yahya Asiri Commercial Company

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315741 | चलानी नं.६०२३००६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Nour Food Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315743 | चलानी नं.६०२३००७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Nour Food Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315744 | चलानी नं.६०२३००७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १६ गते (31st Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315654 | चलानी नं. ६०२३०१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 181000 | १५७,०५० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुझ्नगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं र शाखा कार्यालय इटहरीमा मिति: २०८१ पौष १६ गते (31st Dec. 2024) मा हुनेछ । इटहरीको लागि सम्पर्क: ९८०५३५९१५०

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## कुवेतमा रोजगार

कम्पनी : KARWAH FOR HOME DELIVERY FOR CONSUMER GOODS CO.SPC — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०४/०२ | LT. No. 307635 | चलानी नं.६०२२२३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 10 | 0 | 140 | ६१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Omar Company for Delivering Consumer Orders — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311848 | चलानी नं.६०२२६२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 17 | 0 | 160 | ७०,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Taher Company For Delivering Consumer Orders — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 311201 | चलानी नं.६०२२५७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVER | 20 | 0 | 150 | ६५,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १६ गते (31st Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



## साउदीमा रोजगार

कम्पनी : LUXURY PACKAGING FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315786 | चलानी नं.६०२३०११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paper Products Manufacturing Machine Operator | 1 | 0 | 2000 | ७२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LUXURY PACKAGING FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315787 | चलानी नं.६०२३०१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paper Products Manufacturing Machine Operator | 1 | 0 | 2000 | ७२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०८ | LT. No. 305357 | चलानी नं.६०२२००१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १६ गते (31st Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## जहदा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ्ग, कोशी प्रदेश, नेपाल

## इलेक्ट्रिक मोटर (2HP 3") सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०९**

यस जहदा गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को लागि इलेक्ट्रिक मोटर (2HP 3") सामाग्री शिलबन्दी दरभाउपत्रबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक व्यवसायीहरु तथा आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र चालु आ.व.का लागि ईजाजतपत्र नविकरण, आयकर चुक्ता प्रमाण, स्थायी लेखा दर्ता र मु.अ. कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने) यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक लि., मझारे, मोरङ्गको नाममा रहेको आन्तरिक राजश्व खाता हि.नं. ०७४००६९०४०९००१३१ मा नगद जम्मा गरी यस कार्यालयबाट खरिद गर्नु पर्नेछ ।
२. खरिद गरेको दरभाउपत्र दरभाउपत्रदाताले खाममा राखी खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट १२ बजे भित्र शिलबन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा खोलिने छ ।
३. धरौटी वापत यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक लि., मझारे, मोरङ्गको नाममा रहेको धरौटी हि.नं. ०७४००६९०४०९०००३१ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंक मार्फत जारी जमानी (बिड बण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
४. रित नपुगेको वा ढिलोगरी प्राप्त भएको दरभाउपत्र उपर कारवाही हुने छैन ।
५. दररेट अंक र अक्षरमा प्रष्ट सँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
६. अन्य कुनै कैफियत समेत जनाई वा यति प्रतिशत घटीरबढी मा काम गर्न मन्जुर छु आदी लेखिएकोमा र दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ ।
७. दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।
८. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमशः लगतै कार्यालय खुलेको दिन हुनेछ ।
९. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
१०. दरभाउपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिने छ । फोन नं. 9820730037 एवं www.jahadamun.gov.np
११. यस सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**ठेक्का सम्बन्धी विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्पेशिफिकेशन | ल.ई. रकम (मु.अ. कर समेतको) रु. | ठेक्का जमानत रकम दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | JRM/081/82/AGRI-13 | इलेक्ट्रिक मोटर | 2HP 3" Electric motor | १९,३३,४३३।- | ५०,०००।- | १,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कूटनीतिमा 'अपरिपक्व' आरजु

परराष्ट्रमन्त्री आरजु राणा देउवाको अधिकांश समय विदेशमै बित्छ । परराष्ट्र सम्बन्ध सुधारका लागि विदेश तीर्थ जानुलाई स्वाभाविक मान्दै उनको प्रशंसासमेत हुन्छ । तर कांग्रेस–एमाले गठबन्धन सरकारको छिमेक सम्बन्ध भने अझै सुध्रिने छाँट देखिएन । यही सम्बन्ध सुधारका लागि आरजु गत बिहीबार जर्मनीबाट दक्षिणको छिमेकी मुलुक भारतको नयाँदिल्ली पुगेकी थिइन् । दिल्लीमा उनी पुग्नुको मुख्य उद्देश्य थियो– भारतलाई मनाउनु । तीन–तीन पटक निम्तो दिँदा पनि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बेवास्ता गरेपछि 'अझै काम बनिहाल्छ कि !' शैलीमा आरजु भारत पुगेकी थिइन् ।

तर यसपटक त आरजुलाई कसैले पत्याइदिएन । प्रधानमन्त्री केपी शर्मा ओलीको मंसिर १७–२० गतेको भ्रमणमा पनि आरजुलाई चीनले कुनै प्राथमिकता दिएको थिएन । त्यसपछि आरजु आफैं प्रधानमन्त्रीको भ्रमण तयारीका लागि भन्दै चीन पुगेकी थिइन् । जबकि, चीन भ्रमणको औपचारिक निम्तो आउने आशमा आरजुले त्यतिबेला जापान भ्रमणसमेत रद्द गराएकी थिइन् ।

अंग्रेजी वक्ताका रूपमा केही कांग्रेसीले आरजुको प्रशंसा गर्छन् । तर प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकारकै रूपमासमेत काम गर्दै छिमेकसँग राम्रो सम्बन्ध बनाउनुपर्नेमा झन् बिग्रँदो स्थिति देखिएको छ । चीन भ्रमणका क्रममा बिआरआई फ्रेमवर्क पास गराएसँगै ओली नेतृत्वसँग भारत रुष्ट देखिएको प्रस्ट छ । यो असन्तुष्टिबारे बुझ्न एमालेले आरजुसँगै प्रदीप ज्ञवालीलाई पनि पठाएको खुलेको छ । तर दुवै नेताको यसपटकको भ्रमण खल्लो देखियो ।

ओली आफैं पनि भारतले नबोलाउँदा 'साइकोलोजिकल टेरर' अर्थात् मानसिक भयमा छन् । मलाई भारतले बोलाएन, बोलाए हुन्थ्यो । एकपटक त बोलाए हुन्थ्यो नि, त्यसपछि त मलाई कसैले प्रश्नै सोध्दैन थिए । अनि मेरो कार्यकाल सफल हुन्थ्यो भन्ने किसिमको प्रश्नले ओलीलाई जहिल्यै घोचिरहन्छ । कारण यसअघि जोसुकै प्रधानमन्त्री भए पनि पहिलो पाहुना बनाउने काम भारतले नै गर्थ्यो । यसपटक भारतले बेवास्ता गरेपछि ओली बल लगाएरै चीन पुगे ।

ओली नेतृत्वको सरकारलाई न त भारतले रुचाएको देखिन्छ न त चीनले । भन्ने एकथोक, गर्ने अर्कोथोक, झुक्याउने यो रोग नेपाली नेतामा प्रथा जसरी विकास भएको छ । प्रस्टता झल्काउन नसक्दा नेपाली नेतृत्वमा चीन र भारतले प्रश्न उठाएको हो । जसले दिनानुदिन परराष्ट्र सम्बन्ध बिग्रँदो छ । आरजुले आफ्नो पोर्टफोलियो प्रयोग गर्दा पनि यो सम्बन्ध सुधार्न सकिनन् ।

## मनन्योग्य

### चाणक्य नीति

व्यवस्थाको त्यो अद्भूत युग थियो जसले चाणक्यलाई जन्मायो । उनी त्याग र दृढसंकल्पको अनौठो उदाहरण नै थिए । आफू छाप्रोमा बसेर पनि उनले एउटा अज्ञात युवकलाई राजमहलसम्म पुऱ्याउनु कूटनीतिको पराकाष्ठा थियो । आज उनै चाणक्यजस्तो प्रबल प्रज्वल पुरुष हाम्रो यो आर्यावर्तलाई आवश्यक छ जसले पुन: एकसूत्रमा बाँध्न भनी कम्मर कसोस् । चाणक्यको जीवन-चरित्र पढेपछि तपाईं यो बुझ्न सक्नुहुन्छ कि उनी कुन कारणवाट एक असहाय, अनाथ बालक युगपुरुष बन्न पुगे ।

नन्दवंशलाई परास्त गरेर कसरी चन्द्रगुप्त मगध साम्राज्यको सम्राट (चक्रवर्ती राजा) बने । एक दिन उनले आफ्ना गुरु एवम् प्रधानमन्त्री 'कौटिल्य'लाई भनेका थिए- गुरुदेव लक्ष्यप्राप्तिरूपी सन्तुष्टि प्राप्त भएपछि पनि मन एकदमै खिन्न, उत्साहहीन र चञ्चले जस्तो किन हुन्छ ? सम्पूर्ण वस्तु पाएर पनि केही नपाइएझैं किन लाग्दछ ? सन्तोषको शान्त र शीतल लक्षणको प्रभावले संघर्षरूपी स्वर्गीय सुखको तुलनामा फलप्राप्ति रूपी आनन्द सामान्य बन्न जान्छ । गुरुजीले भन्नुभयो- राजन् ! अन्तिम (चरम) लक्ष्यसम्म पुगेपछि मानिसको कर्तव्यपरायणता, रुचि र परिश्रम घट्दै जान थाल्छ । 'असम्भवको' नेटो पार गर्ने कुराको पर्यायवाची शब्द नै 'वास्तविक लक्ष्य' हो अथवा असम्भव भन्ने वस्तुको नामेट गराउनु । यस संसारमा असम्भव भन्नेकक वस्तु छँदै नै छैन ।

#### ऐतिहासिक पूर्वप्रसङ्ग

पुरानो भारत-वर्षका धेरै राज्यमध्ये एउटा विशाल राज्य थियो-मगध । मगधमा किस्किन्धा नगरीबाट सीतालाई खोज्न सुग्रीवले हनुमान्जस्ता वीर बानरहरूलाई पठाएका थिए । त्यही मगध जहाँ पाण्डवका पिता पाण्डुले आक्रमण गरेर अभिमानी युगलाई समाप्त पारे । भारतवर्षको इतिहासमा मगध त्यतिबेला चर्चामा आयो जुन समय महाभारतकालमा वृहद्रथका वीर पराक्रमी पुत्र जरासन्ध मगधको राजधानी गृहव्रजको राजसिंहासनमा आसीन भए । यिनै जरासन्धले गृहव्रजमा भीमसेनसँगको युद्धमा वीरगति प्राप्त गरेका थिए । क्रमश :

# एनपिएलले उघारेको सपना



■ डा. शोभाकर पराजुली

> हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यतिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ । तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई अतिसारो प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका संघसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ । टोलका गल्लीहरू हुँदै अन्तरष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब खेलाडीको आफ्नो मिहेनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ ।

देशको खेल इतिहासमै पहिलोपटक भएको नेपाल प्रिमियर लिग (एनपिएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमंग छाएको छ । यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो । यसले देशीयमात्रै नभई अन्तर्राष्ट्रियरूपमा पनि चर्चा बटुल्न सफल भयो । यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुऱ्याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ ।

जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्यो भन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन् । एनपिएलमा सहभागी आठ फ्रेञ्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जनभन्दा बढी अन्तरष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुऱ्याउन सहयोग पुगेको छ । विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साहमात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलकोसमेत परिचय विश्वमाझ पुऱ्याएका छन् । यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेलमात्रै नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जनमात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ । यो सँगै एनपिएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ ।

नेपालमा धेरै प्रकारका खेलहरू छन् । ती सबका आ-आफ्ना महत्त्व, मान्यता र इतिहास छन् । तिनले हाम्रो समाजलाई भावना र आत्मीयरूपमा पनि जोडिआएका छन् । कुनै-कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन् । ती आफैंमा हाम्रा समाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन् । कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रियरूपमा चिनाइरहेका छन् । त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट पनि ।

क्रिकेटको विश्व इतिहास सदियौं लामो छ । १६औं शताब्दीको सुरुआततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिरमात्रै सुरुआत भएको देखिन्छ । त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो । अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागिमात्रै यो खेल खेल्न सुरु गरेका थिए । शासकीय दायराबाट विस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ । साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ । यो खेलको साँघुरो इतिहास अहिले यो निकै विराट भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ । १६औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ । र, यो खेल अब मनोरञ्जनका लागिमात्रै रहेन, बरु क्रिकेट अब कैयौं राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ ।

नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र सुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ । त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन् । नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको सुरुआत भएको देखिन्छ । २००४ सालमै नेपालमा क्रिकेट संघ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर्राष्ट्रिय क्रिकेट संघबाट मान्यता पायो । यद्यपि, दरबारका पर्खाल नाघेर आमनागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न सुरु भएको इतिहासहरू भेटिन्छन् ।

सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन सुरु गरेका थिए । १९१९ तिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुलारूपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो । यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए । त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिकरूपमा पनि गति लिन थाल्यो । यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तरष्ट्रियस्तरसम्म पुगिसकेको छ । नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्रमात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ । पुरुष क्रिकेटमात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिस्पर्धामा भाग लिनसक्ने भइसकेको छ ।

खासगरी अहिले क्रिकेट खेल एसियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रूपमा स्थापित भइरहेको छ । छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ । यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसायमात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन् । अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ । यसमा लगानी गर्नेहरूको तँछाडमछाड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ । अहिले भारतमा स-साना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूकोसमेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र विस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन् । भर्खरै सम्पन्न एनपिएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो । एनपिएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यसको सुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरु व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ । नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दै छ भन्ने सन्देश दिएको छ । खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ । तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका संघसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ । टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब खेलाडीको आफ्नो मिहेनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ । राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ ।

अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासीनता छ । अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्रिकेट मैदानसमेत छैन । अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो । त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए । यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तरष्ट्रियस्तरको एसिसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो । तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको सुरुआत भएको मानिन्छ । त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रंगशाला हो । यति हुँदासम्म पनि राज्यले रंगशालालगायत खेल क्षेत्रको भौतिक विकासमा खासै उदार भएको देखिँदैन । ठाउँठाउँमा मैदानहरू बन्न सुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथिलिंग अवस्थामा छन् ।

खेल क्षेत्रको यो भौतिक दूरावस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ । एनपिएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन् । यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूल्ठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपिएलमा सहभागी भए । उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो । त्यस्तै मैदानहरूको अन्तरष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरु पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपिएलले छोडेको छ । एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुनखालको उत्साह, उमंग र गतिशीलता देखिएको छ त्यसलाई राज्यले अवसरका रूपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ । अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ । *रासस*




▶▶ वैकुण्ठ भण्डारी

# घरघडेरी बेचेर आउनुस् यतै

दक्षिण मोहडा फर्काएर बनाएको घर भएर होला पुसको चिसोमा पनि पारिलो घाम लागिरहेको छ । पश्चिमपट्टिको पारिजातको बोटमा बोलाइरहेको जस्तो भान हुन्छ । पिँढीको पूर्वतर्फ फलैंचामा पल्टिरहेकी छिन् ठूला घरे राम काकाकी अर्धांगिनी ।

कोल्टे फेर्न पनि निकै कठिन छ । राम काका उता गोठमा गाई करायो भनेर लामपाटोको डिलमा रहेको तिमिलाको पात टिपेर गाईलाई खुवाउँदै छन् ।

यता अर्धांगिनी सुनिता अऽइऽया अऽइऽया गरिरहेकी छन् । आँखाभरि आँसु टिलपिल टिलपिल छ । उठ्न नसकेपछि हातको कुमले टाउको यसो उठाएर राम काकालाई हेर्छिन् । कपाल सेतै फुलेका रामका झुस्स परेको दाह्री कन्हाउँदै गाईलाई स्याहार गर्दै छन् ।

बूढाको काम देखेर सुनिता कार्की सुँक्क-सुँक्क गर्दै छिन् । 'कठैबरा, उठ्नसक्ने भए पनि त म आफैं गर्थे नि ।' एकछिन् भक्कानिन्छिन् । उनको आँखाबाट बलिन्द्र धारा आँसु उनै भगवान्लेबाहेक कसैले देखेको छैन । फाटेको कमिज सुरुवाल लगाएका राम काका नांगो खुट्टा बारीको कान्लाबाट आँगनमा उक्लिन्छन् । आँगनको डिलबाट फलैंचामा पल्टिरहेकी प्राणप्यारी अर्धांगिनी सुनितालाई हेर्छन् ।

आँखा चिम्म गरेर मनमा अनगिन्ती कुरा खेलाइरहेकी छिन् सुनिता । 'बाह्र छोरा तेह्र नाति, बूढा धोक्रो काँधै माथि' । चार-चार जना छोराछोरी भएर पनि कोही नभएको टुहुरो बन्न परेको छ । सुनिताको आँखा चिम्म गरेकाले राम काका अलि डराउँछन्, दौडेर आउँछन् । पूर्वतर्फ सिरानी राखेकी सुतिरहेकी सुनिताको नाडी छाम्छन्, धिमधिम चलिरहेको छ । उनी आँखा उघार्छिन् । 'ओइ के भो तँलाई ?' निकै भावुक भएर अर्धांगिनीलाई सोध्छन् ।

आँसु लुकाउन खोज्छिन्, 'केही भएको छैन, गाईले घाँस पाए' । तपाईंले के खानु भो ?' सुनिताले उल्टै प्रश्न गर्छिन् ।

अँऽ । 'त्यही लामपाटोको डिलबाट तिमिलोको पात ल्याएर गाईलाई हाल्दिएँ । तँलाई भोक लाग्यो होला ?' राम काका सुनितालाई सोध्छन् । स्वर अलि निकाल्न खोजेजस्तै गरी सुनिता भन्छिन्, 'छैन छैन मलाई भोक छैन, बरु तपाईंले बिहानदेखि केही खानु भाको छैन, केही खानुस् ।'

'म त सकिहाल्छु नि, भोक लागेपछि बनाएर खान्छु । बरू भन्न तँलाई के खान मन लागेको छ ?' काका सिरानी मिलाउन खोज्छन् । 'ल हेर सिरानी पुरै भिजे छ । जति भने पनि नलाग्ने है तँलाई । म यताउता लाग्यो कि आँसु झारिहाल्नुपर्ने ? अब हामीले मात्र सम्झेर हुन्छ ? ऊ बेला खाइनखाई दु:ख गरेर पढायो लेखायो सक्षम बनायो अब अहिले हामीलाई नै वास्ता गर्दैन त के गर्ने, हाम्रो भाग्य नै खोटो भएपछि !'

बूढाको कुरा सुनेर सुनिता अझै दु:ख मनाउ गर्छिन्, 'खै अब त मेरो कति दिन होला र छोराछोरी किन यस्तो गरेका होलान् ? अब त तपाईं पनि एक्लै पर्नुहुन्छ । 'सुनिता घ्वाँऽ घ्वाँ घुर्छिन् । आफ्नी बिरामी अर्धांगिनीको रुवाईले राम काकाको मन के थामिन्थ्यो र ? जति नै कष्ट सहेर पनि छोरा मान्छेले आँसु भित्रै दबाएर राख्नुपर्छ आँसु देखाउन हुँदैन भन्ने संस्कारबाट हुर्के पनि राम काकाले आँसु थाम्न सकेनन् । उनका पनि आँखाबाट आँसुका भेल बग्न थाले । 'नरो न के, तँलाई केही हुँदैन ।' सुनिताको आँसु पुछिदिन्छन् । जगडोलको डाँडापारि घाम डुब्दै गरेजस्तो गरी चिसो हावा आउँछ ।

सुनिताको कुराले राम काकालाई असह्य पीडा हुन्छ । गाउँ रित्तिँदै गइरहेका बेला आफ्नो अर्धांगिनीको वचनमा उनी डुब्छन् । साँच्चै केही पो भइहाल्ने हो कि ? कतै म एक्लो पो हुने हो कि ? काका सम्हालिन खोज्छन्, तर मन कहाँ सम्हालिन्छ र । काकाको आँसुले भेल रोकिँदैन ।

बूढा रोएको देखेर सुनिता उठ्न खोज्छिन् तर सक्दिनन् । 'बूढा जेसुकै होस् रिसाए पनि रिसाउन्, मैले १० महिना कोखमा राखेर जन्माएकी हुँ । अब अन्तिम एकपटक चारैजनालाई फोन गर्दिनू न ।' मलिन स्वरमा सुनिता राम काकालाई भन्छिन् ।

राम काका फोन गर्न चाहिरहेका छैनन् । सायद राम काकाले पटक-पटक फोन गरेर छोराछोरीबाट हारिसकेका छन् । एउटा हातले आफ्नो आँसु पुछ्दै अर्को हातले सुनिताको आँसु पुछिदिन्छन् । कमिजको खल्तीबाट फोन निकाल्छन् यो चाहिँ अन्तिमपटक हो नि मैले गर्ने फोन ? श्रीमतीलाई घुर्काएजस्तो पनि गर्छन् ।

राम काकाले जापानमा रहेकी जेठी छोरीलाई भिडियो कल गर्छन् । छोरीले फोन उठाउँछिन् । राम काका खुसी हुन्छन् छोरीले बोल्ने भई । तर छोरीले कर्कसो स्वरमा भन्छिन्, 'कत्तिपटक भनिसकें जुनबेला पायो त्यही बेला फोन नगर्नू भनेर, म काममा छु भरे राति कल गर्छु' फोन काटिदिन्छे ।

काकाको अनुहारमा भएको चमक फुस्रो हुन्छ । अस्ट्रेलियामा भएको जेठो छोरालाई गर्छन् । छोराले फोन उठाउँछ र भन्छ, 'अँ भन्नुस् त !'

राम काका भन्छन्, 'हेर न, तेरी आमा अन्तिम अवस्थामा जस्तै भएकी छे, एकपटक आमाका लागि भए पनि घर आउँथिस् कि भनेर फोन गरेको हुँ ।' उताबाट छोरो भन्छ, 'तपाईं पनि कस्तो केटाकेटीको जस्तो कुरा गर्नुहुन्छ ? अस्ट्रेलियाबाट भन्नेबित्तिकै घर आउन पाइन्छ र भन्या ? मलाई फुर्सद छैन, बुहारीको पनि बिदा मिल्दैन । उता क्यानडा फोन गर्नु रवि भाइलाई' । मैले के कति पैसा पठाउनुपर्ने हो पठाइदिउँला ।' उसले पनि फोन राखिदिन्छ ।

राम काका क्यानडामा भएको कान्छा छोरालाई भिडियो गर्छन् । कान्छो छोरो रविले फोन उठाउँछ । 'के छ बाबु तेरो त्यताको खबर ?,' राम काका सोध्छन् ।

ठीकै छ यता त अनि त्यता के छ ? आमाको अवस्था ? छोरोले सोध्छ ।

'हेर्न बाबु, आमाले अन्तिमपटक फोन गर्नु भनेर गरें । रोगले च्याप्दै लिएर गएको छ । उता दिदीहरूले पनि फोन काटिदिए काममा बिजी भन्दै । तेरो दाजुले पनि फुर्सद छैन, बुहारीको बिदा मिल्दैन भन्दै आउने कुरा नै गरेन । घरमा म एक्लो बूढो । तँ कान्छो आमाको प्यारोजस्तै होस् क्यार । अब एकपटक आमाको मुख हेर्न आउँथिस् कि भनेर फोन गर्ने आँट गरें' राम काकाले विनम्रपूर्वक भने ।

सुनिता बाबुछोराछोरीको कुरा सुनिरहेकी छन् । विचरा बोल्न सक्ने अवस्था मै छैनन् । जिन्दगीको अन्तिमजस्तै भान गरेकी छन् ।

उता कान्छो छोरा एकछिन केही नबोली जवाफ दिन्छ । 'बा आमाको मुख हेर्न आउन त मन थियो नि, के गर्नु परदेशको ठाउँ के मिल्दैन । म आएर मात्र पनि आमालाई निको हुने होइन । बरु कति पैसा चाहिने हो भन्नुहोला म पठाइदिन्छु । आमाको सास रहुञ्जेल बस्नुहोला । अनि अन्तिम संस्कार गरेर एक्लै नबस्नुहोला, घरघडेरी सबै बेचेर आउनुस् यतै ।'

छोराको कुरा सुनेर राम काका छाँगाबाट खसेजस्तै हुन्छ । बूढाको फोन हातबाट खस्छ । बूढीको टाउको उठाएर आफ्नो छातीमा टाँस्छन् अनि भक्कानो छाडेर रुन्छन् ।

'बाउआमाको मन छोराछोरीमाथि छोराछोरीको ढुंगामुढा माथि' भन्थे सायद यही नै होला ।



**भक्का किन्दै विद्यार्थी** | मोरङको पथरी शनिश्चरे-१ मा रहेका बिहानी सत्रमा लाग्ने विद्यालयका विद्यार्थीहरू खाजा खान भक्का किन्दै । जाडो याममा खाजाको रूपमा तातो भक्का विद्यार्थीको रोजाइमा पर्ने गरेको छ । *तस्बिरः गोपाल काफ्ले/रासस*

# ठेकेदार भागेपछि भँगरा स्वास्थ्यचौकी भवन अलपत्र

**पर्वत-** घर नजिकै स्वास्थ्यचौकीको भवन निर्माण हुने भएपछि स्थानीय ९१ वर्षीय पदमबहादुर परियार निकै हर्षित थिए । उमेरसँगै रोगले थलिएर विस्तारामा परेका उनलाई स्वास्थ्यचौकी भवन निर्माण हुने कुराले रोग निको भएको महसुस हुन्थ्यो ।

हिँडेर टाढाको अस्पतालसम्म पुग्नसक्ने अवस्था नभएका उनको घरमा श्रीमती, बुहारी र साना नातिनातिना छन् । रोगले च्यापेको बेला नजिकैको स्वास्थ्यचौकीमै उपचार पाउने उनको आशा अझै पूरा हुन सकेको छैन । यो अवस्था हो जिल्लाको फलेवास नगरपालिका वडा नं ९ भँगरामा निर्माणाधीन स्वास्थ्यचौकी भवनको ।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि जनाउँदै १८ महिनामा सम्पन्न हुनेगरी २०७५ माघदेखि निर्माण सुरु भएको स्वास्थ्यचौकीको सुविधा भवन छ वर्षसम्म पूरा हुन नसकेर अलपत्र बनेको हो । स्वास्थ्यचौकीमा उपचार गराएर केही वर्ष अझै बाँच्छु भन्ने सोचेका परियारजस्ता थुप्रै नागरिक भवन सम्पन्न नहुँदै जीर्ण र अलपत्र बनेको देखेर निरास हुने गरेका छन् ।

समयमै भवन निर्माण सम्पन्न नहुँदा स्थानीयवासी स्वास्थ्य सुविधाबाट वञ्चित भएका छन् । निर्माण व्यवसायीले काम छोडेर बीचमा भागेपछि भवन अलपत्र परेको हो । दुई करोड ४४ लाखमा भवन निर्माणका २०७५ माघमा निर्माण कम्पनी काठमाडौंले जिम्मा लिएको थियो । लामो समयसम्म भवनले पूर्णता पाउन नसक्दा निर्माण भएको पूर्वाधार जीर्ण बन्दै गएको छ । दुई तले १२ कोठे भवनमा बिरामीको उपचारका लागि औषधि भण्डारण, बिरामी चाँज कक्ष, गर्भवती जाँच कक्ष कर्मचारी आवास, प्रशासन, बर्थिङ सेन्टर लागि छुट्टाछुट्टै कक्ष निर्माण गरिएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङमार्फत निर्माण भएको भवन सम्पन्न गर्नका लागि चारपटक म्याद थप गरिसकिएको छ । ठेकेदारले बीचमै काम छोडेर बेपत्ता भएपछि आयोजनाले पटक-पटक म्याद थप गर्दै निर्माण कम्पनीलाई ताकेता गदै काममा लगाएको सघन सहरी तथा भवन निर्माण आयोजनाका इञ्जिनियर शंकरराज कोइरालाले जानकारी दिए । उनका अनुसार भवनको ९० प्रतिशत काम सम्पन्न भएको र बाँकी १० प्रतिशत नगरी निर्माण व्यवसायी बेपत्ता भएको हो ।

भवन निर्माण अन्तिम चरणमा पुगेको भए पनि निर्माण कम्पनी कार्यक्षेत्रमा फर्किएर नआएको वडाध्यक्ष हितमान गुरुङले बताए । मौखिकरूपमा पटक-पटक ताकेता गरिएको भए पनि निर्माण कम्पनीले बेवास्ता गर्दा भवनको संरचनासमेत जीर्ण र पुरानो हुँदै गएको उनको भनाइ छ । 'वर्ष दिनभन्दा बढी भयो निर्माण कम्पनी फर्केर आएको छैन, बनेका संरचना पनि जीर्ण बन्ने जोखिम बढेको छ,' उनले भने ।

गाउँमा गुणस्तरीय स्वास्थ्य संस्था नहुँदा सानोतिनो रोग र चोटपटक लागेमा अन्यत्र जानुपर्ने बाध्यता स्थानीयको छ । 'सामान्य समस्या भयो भने कुश्मा वा पोखरा पुग्नुपर्ने बाध्यता छ,' स्थानीय सुमिना गुरुङले भनिन्, 'सुविधा सम्पन्न भवन अलपत्र परेर सेवा विस्तारमा सहज नहुँदा यहाँका महिला र ज्येष्ठ नागरिकले बढी सास्ती व्यहोर्नुपरेको छ ।'

साविक गाउँ विकास समितिको पुरानो र साँघुरो भवनबाट सेवा प्रवाह गर्दा निकै समस्या भएको स्वास्थ्यचौकी प्रमुख वीरबल विकले बताए । बर्सात्मा भवन चुहिएर समस्या हुने गरेको उनले बताए । उनले भवन निर्माण भएर सञ्चालनमा आए यहाँ नागरिकले गुणस्तरीय स्वास्थ्य सेवाका लागि अन्यत्र जानुपर्ने अवस्था अन्त्य हुने बताए ।

स्थानीयवासी तथा गण्डकी प्रदेशसभा सदस्य रेखा गुरुङले लामो समयदेखि स्वास्थ्यचौकीको भवन अलपत्र परेको देखेर चिन्तित बनेको बताइन् । सुविधा सम्पन्न स्वास्थ्यचौकी भवन बनाउन आफ्नै पहलमा बजेट विनियोजन गर्नेदेखि आफ्नो परिवारले निःशुल्क जग्गासमेत उपलव्ध गराएको जनाउँदै ठेकेदारले काम नगर्दा समस्यामा परेको उनले बताइन् । भवन तत्काल सम्पन्न गरेर सञ्चालनमा ल्याउन उनले माग गरेकी छन् । *रासस*

## सिरहा कारागार प्रकरण

# छानबिन समितिले बुझायो प्रतिवेदन

**सिरहा (प्रस)-** सिरहा कारागार प्रकरणको अनुसन्धान गर्न बनेको छानबिन समितिले झण्डै डेढ महिनापछि अनुसन्धान प्रतिवेदन बुझाएको छ । समितिले गत बिहीबार नै प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा बुझाएको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी रवीन्द्रकुमार महतले जानकारी दिए ।

सूचना अधिकारी महतका अनुसार अनुसन्धान प्रतिवेदन ९० पृष्ठको रहेको छ । उनले भने, 'प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल बिदामा हुनुहुन्छ । सम्भवत उहाँ बिहीबार कार्यालय आउनुहुन्छ । उहाँ आएपछि जिल्ला सुरक्षा समितिको बैठकमा प्रतिवेदन पेस हुन्छ र प्रतिवेदन सार्वननिक हुन्छ ।'

गत कात्तिकमा कैदीहरूले कारागारभित्रै मदिरा सेवन गर्नेदेखि अवैध लागुऔषधसमेत कारोबार गर्ने गरेको सूचना बाहिरिएपछि सो सम्बन्धमा सम्बन्धमा अनुसन्धान गर्न प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा कात्तिक २५ गते पाँच सदस्यीय छानबिन समिति गठन भएको थियो । छानबिन समितिमा जिल्ला प्रशासन र कारागार कार्यालयका प्रतिनिधिसमेत रहेका थिए ।

कारागारका मूल नाइके र अन्य कैदीले मदिरा खाँदै गरेको तथा मोबाइल चलाउँदै गरेको घटना प्रमाणसहित सञ्चारमाध्यममा सार्वजनिक भएको थियो । त्यस्तै कारागारमा पाँच गुणासम्म मूल्यमा लागुऔषधसहित बाहिर पाइने सबै कुरा उपलब्ध हुने जानकारी बाहिरिएको थियो । यस प्रकरणमा कारागार व्यवस्थापन विभागले तत्कालै जिल्ला प्रशासन कार्यालय सिरहालाई घटनाको छानबिन गरी संलग्नलाई कारबाही गर्न र कारागार कार्यालय सिरहालाई घटनाबारे प्रतिवेदन पठाउन लिखितरूपमा निर्देशन दिएको थियो ।

त्यसपछि गठन भएको छानबिन समितिलाई सुरुमा अनुसन्धान प्रतिवेदनका लागि १५ दिनको समय दिइएको थियो । तर, समयमै अनुसन्धान तथा छानबिनको काम नसकिएपछि जिल्ला सुरक्षा समितिले समय थप गरेको थियो ।

कारागारको अवलोकन, विद्यमान अवस्थाको अध्ययन, भौतिक संरचना तथा सुरक्षा व्यवस्थाको अवस्था, प्रशासनिक प्रणालीको अध्ययन, कैदीसँग छलफल तथा अन्तरक्रिया, कैदीसँग सम्बन्धित अभिलेख संकलन, नीति नियम तथा निर्देशिकाको अध्ययन, सरोकारवालासँग अन्तरक्रियालगायतका काम गरी प्रतिवेदन तयार गर्न समय लागेको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी महतले जानकारी दिए ।

## महिला स्वास्थ्य स्वयंसेविकाको गुनासो

# 'हाम्रो श्रमको मूल्यांकन राज्यले गरेन'

**घोराही (दाङ)-** यहाँको घोराही उपमहानगरपालिका-६ निवासी माया चौधरी २०४६ सालदेखि महिला स्वास्थ्य स्वयंसेविकाका रूपमा काम गरिरहेकी छन् । लामो समयदेखि स्वयंसेविकाको काम गरे पनि राज्यले दुःख बुझ्न नसकेको उनको गुनासो छ । 'स्वयंसेविकाका रूपमा काम गर्दा राज्यले हाम्रो मूल्यांकन गर्न सकेन,' उनले भनिन् । आफ्नै खर्चमा गाउँ-गाउँ पुग्ने गरेको उनी बताउँछिन् ।



घोराही-१२ निवासी इमाकुमारी शर्माले पनि महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा काम गर्दा खाजा खर्चसमेत नपाएको गुनासो गरिन् । 'हामीले दुःखमात्र गरेका छौं, श्रमको उचित मूल्य पाउन सकेका छैनौं,' उनले भनिन् । सुविधाका नाममा बैठकभत्ता ४५० रूपैयाँ, वार्षिक पोसाकभत्ता १० हजार रूपैयाँ, खोप लगाउँदा तथा औषधि खुवाउँदा दैनिक ४०० रूपैयाँ पाए पनि त्यसभन्दा अरू प्राप्त गर्न नसकेको उनले बताइन् ।

घोराही-१९ निवासी निर्मला पुनले भौगोलिकरूपमा विकट सैघामा काम गर्दा धेरै समस्या भोग्नुपरेको बताइन् । 'घण्टौं हिँडेर घरघरमा पुग्नुपर्छ तर राज्यको तर्फबाट कुनै सहयोग पाउन सकेका छैनौं,' उनले भनिन्, 'वर्षौंदेखि गरेको कामका आधारमा सरकारले सेवा सुविधा दिन आवश्यक छ ।'

घोराही-३ निवासी जुनकुमारी रोकामगरले सञ्चारको सहज पहुँच नहुँदा काम गर्न समस्या भएको बताइन् । घोराही उपमहानगरपालिका-९ निवासी शान्ता केसी २०४५ सालदेखि महिला स्वास्थ्य स्वयंसेविका रूपमा काम गर्दै आएकी छन् । उनले ३६ वर्षदेखि निःशुल्क काम गर्दै आएको बताइन् । यत्तिका वर्षसम्म काम गर्दा पनि राज्यले सहयोग नगरेको उनले बताइन् । गाउँगाउँमा स्वास्थ्यका सूचक संकलन तथा स्वास्थ्य सचेतनाको काममा सरकारले खटाउने गरे पनि सेवा सुविधा दिन कन्जुस्याइँ गरेको उनको गुनासो छ । उनी भन्छिन्, 'हाम्रो श्रमको मूल्यांकन राज्यले गरेन ।' केही दिनअघि यहाँ महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि आयोजित एक अभिमूखीकरण कार्यक्रममा उनीहरूले यस्तो गुनासो गरेका हुन् । *रासस*

# पण्डितपुरमा भिटिए बुद्धकालीन संरचना

**नवलपरासी (प्रस)-** पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१८ पण्डितपुरमा उत्खननका क्रममा प्राचीन भग्नावशेष तथा चक्राकार सहर भेटिएको छ । उत्खननमा कोलीय गणराज्यका विभिन्न सहरबारे महत्त्वपूर्ण तथ्य भेटिएको पुरातत्त्व विभागका पुरातत्त्व शाखा प्रमुख पुरातत्त्वविद् भाष्कर ज्ञवालीले बताए । उनले भने, 'आर्थिक वर्ष २०७५/७६ मा गरिएको भू-भौतिक अध्ययनका क्रममा देखिएका भग्नावशेष पुष्टि गर्नका लागि हालै एक महिनासम्म उत्खनन तथा अध्ययन भएको थियो, सोही क्रममा कोलीय गणराज्यको विभिन्न ठाउँमा फैलिएको सहरमध्ययेको सहर पण्डितपुर पनि भएको पुष्टि भएको छ ।'



दुई ठाउँमा उत्खननको प्रमुख उद्देश्य भू-भौतिक अध्ययनमा देखिएका पर्खाल संरचना प्रमाणित गर्ने थियो । साथै एक ठाउँमा तीन मिटर गहिरो खाडल खनेर सांस्कृतिक इतिहास अध्ययन गर्दा बुद्ध, मौर्यकाल समयदेखि मुस्लिमकालसम्मको बसोबास भएको प्रमाण भेटिएको उनको भनाइ छ । यस्तै अर्को ठाउँमा गरिएको उत्खननमा सेन्टरी पोस्ट (सुरक्षाकर्मीले पहरा दिने ठाउँ) जस्तो भग्नावशेष फेला परेको उनले बताएका छन् ।

उत्खननको क्रममा पर्खालको संरचनासहित माटाका भाँडा, जनावरका मूर्ति, गरगहनालगायतका पुरातात्त्विक सामग्री फेला परेको पुरातत्त्वविद् ज्ञवालीले बताए । हाल पण्डितपुरमा पूर्व-पश्चिम र उतर-दक्षिणमा एक/एक हजार मिटर क्षेत्रफलसम्म कुनै पनि संरचना निर्माण नगर्न अनुरोध गरिएको छ ।

# परीक्षणका लागि 'कोर कटिङ' नमूना प्रयोगशालामा

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले निर्माण भएका एवं मर्मत भएका सडकहरूको गुणस्तर परीक्षणका लागि 'कोर कटिङ' नमूना प्रयोगशालामा पठाउने गरेको छ ।

उक्त परीक्षणबाट कालोपत्र गर्न प्रयोग गरिएको 'विटुमिन' को मात्रा तथा गुणस्तर, कालोपत्रको मोटाइ, खँदिलोपना, निर्माण सामग्रीको मिश्रण मात्राका बारेमा थाहा पाउन सकिने कामपाको भनाइ छ ।

सडकको दायाँ भाग, केन्द्र भाग र बायाँ भाग गरी विभिन्न स्थानबाट परीक्षणका लागि कटिङ गरिने कामपाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् । कामपाको अनुगमन समितिको संयोजकसमेत रहेकी डंगोलले कोर कटिङले मर्मत भएका सडकहरूको अवस्था थाहा पाउनका लागि निकै सहयोग पुग्ने बताइन् ।

पूर्वाधार सुधार गरेर काठमाडौंलाई धुलोरहित सहर बनाउने कामपाको 'धुलोरहित सडक' कार्यक्रम तीन वर्षसम्म सञ्चालन हुने बहुवर्षीय योजना हो । यसका लागि हरेक वर्ष करिब एक अर्ब रूपैयाँ खर्च हुने अनुमान गरिएको छ । कामपाको भौगोलिक क्षेत्रलाई चार भागमा विभाजन गरेर हरेक क्षेत्रका लागि एउटा प्याकेज बनाइएको छ । यसअन्तर्गत पूर्व क्षेत्रमा वडा नं ६, ७, ८, ९, १०, ३१, ३२ पर्छन् । यी वडामा काम गर्न करिव ९० करोड रूपैयाँ लागत अनुमान गरिएको थियो ।

सार्वजनिक निर्माण विभागका प्रमुख सुरज शाक्यका अनुसार धुलोरहित सडक कार्यक्रमअन्तर्गत कुनै पनि ठाउँ नछोडी सबै सडक कालोपत्र हुने छ । मर्मतसम्भार कार्यक्रम र पूर्वाधार एम्बुलेन्स कार्यक्रमअन्तर्गत भत्किएको, भासिएको वा बिग्रिएको ठाउँलाई तत्काल मर्मत गर्ने काम हो । यसमा पनि सडक कालोपत्र गर्ने काम गरिन्छ । तर यो खण्डखण्डमा मात्र हुन्छ ।

'सहरलाई धुलोरहित बनाउन कामपाले पूर्वाधार निर्माण गरेपछि यसको उपयोगमा स्थानीयवासीबाट पूरा गर्नुपर्ने दायित्व पनि छन्,' वडा नं ४ का अध्यक्ष दिनेश महर्जन भन्छन्, 'घर, पसल वा व्यवसायको भुइँ बढारेको उत्पादन भएको धुलो सडक र नालीमा फाल्ने आचरणमा सुधार आउनुपर्छ । धुलोरहित कार्यक्रमको दिगो प्रयास यहीँबाट सुरू हुन्छ, बानीमा परिवर्तन ल्याउनुपर्छ ।'


**Government of Bagmati Province**

**Ministry of Health**

**Health Logistics Management Center**

**Hetauda, Nepal**

## Invitation for Bids (Re-Bid)

*Date of publication: 2081/09/09 BS (2024/12/24AD)*

The **Health Logistics Management Center, Hetauda** invites ***electronic*** bids from eligible bidders for the procurement of ***following goods*** under National Ccompetitive Bidding – Single Stage Two Envelope procedures. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np*** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Name/ IFB No: | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | PROCUREMENT OF ESSENTIAL MEDICINES(RE-BID) HLMC/G/NCB-09/2081-82 | As per Bid | 9,00,000.00 | 5,000.00 | 2082/01/25 BS (2025/05/08 AD) |

**Director**

प्रभाव दैनिक





## 'परदेशी २' अब ओटीटीमा

नारायण रायमाझी निर्देशित गत वर्षको हिट फिल्म 'परदेशी २' ओटिटी प्लेटफर्म 'एमएसएम भिडियो' मा रिलिज हुने भएको छ । निर्देशक नारायण रायमाझीले फिल्म सोमबारबाट 'एमएसएम भिडियो' मा रिलिज हुने जानकारी दिए । उनले संसारभर छरिएर रहेका दर्शकले सहज रूपमा हेर्न पाउन् भनेर ओटीटीमा ल्याएको जानकारी दिए । अभिनेता प्रकाश सपूत, केकी अधिकारी, प्रशान्त तामाङ, वर्षा शिवाकोटी, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देवेन्द्र बब्लुलगायतको अभिनय फिल्ममा छ ।




मंगलबार, ०९ पुस २०८१ (Tuesday, December 24, 2024)


# निर्मलराज पौडेलको 'चिरबिर चरी मायालु परी' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – गीतकार निर्मलराज पौडेलको 'चिरबिर चरी मायालु परी' नामक गीत सार्बजनिक भएको छ। गीतमा पौडेलसंगै गायीका अस्मिता अधिकारीले स्वर दिएकी छिन्।

मोहित मुनालको संगीत रहेको उक्त गीतमा दिपिका थापाको नृत्य रहेको छ। वेलकम एभी प्रोडक्सनले तयार पारेको म्यूजिक भिडियोलाई मनिष पौडेलले निर्देशन गरेका छन्। अंग्रेजी नयाँबर्षको सन्दर्भ पारेर प्रेमील गित तयार पारिएको गीतकार पौडेलले बताए। उनले भने, 'नयाँ पुस्ताको रुचि र भावनालाई समेटने प्रयास गरिएको उक्त भिडियो निर्माणमा कुनै पनि संम्झौता गरेका छैनौ।'

यसअघि गीतकार तथा गायक पौडेलको 'छम्म नाचौं - छप्प नाचौं', 'यसपाली को तीज रमाइलो' र 'बडा दशैं बडा दशैं, हर्षको आगमन" गीतहरू पनि सार्बजनिक भएका थिए।

# अब फेरि नाँच्दै, हाँस्दै, सुन्दै अमेरिका

**काठमाडौं (प्रस)**– संयुक्तराज्य अमेरिकाको विभिन्न सहरमा नेपाली कला र संस्कृति प्रवर्द्धन गर्ने उदेश्यले साङ्गीतिक तथा हास्य व्यङ्ग्यात्मक कार्यक्रम हुने भएको छ। 'अब नाच्छ अमेरिका २', 'अब हाँस्छ अमेरिका २' र 'अब सुन्छ अमेरिका' कार्यक्रम आउँदो वर्ष सन् २०२५ को फेब्रुअरी तथा अप्रिल महिनामा हुने आयोजक फ्लाइ नेपाका अध्यक्ष विनोद अधिकारीले जानकारी दिए।

उनले भने,'यस अगाडि गरिएको कार्यक्रमले हामीलाई हौसला मिलेको हो। हामी यसलाई अझै सभ्य र भव्य रूपमा गर्ने तयारीमा छौँ। अमेरिकाका विभिन्न सहरमा हामी प्रस्तुत हुनेछौँ।' 'अब नाच्छ अमेरिका २' अन्तर्गत गायक बद्री पंगेनी, प्रताप दास, गायिका कला लम्साल, एलिना चौहान, 'अब सुन्छ अमेरिका' अन्तर्गत कवि प्रदीप रोदन र साइग्रेस पोखरेलले आफ्नो प्रस्तुती दिनुछन्। यस्तै, 'अब हाँस्छ अमेरिका २' मा मिस पवि, पवन खतिवडा, सुजीता श्रेष्ठ लगायतले प्रस्तुती दिने आयोजकले जनाएको छ।

गायिका लम्सालले आफू लगायत सम्पूर्ण कलाकारहरूले प्रस्तुतीको तयारी गरिरहेको बताईन्। उनले भनिन्,'हामीले अन्य स्थानमा गरिरहेको प्रस्तुती भन्दा फरक तयारी गरिरहेका छौँ। यसपटक हामीसँगै दर्शकलाई नचाउँन तयारी गरिरहेका छौँ। यो साङ्गीतिक यात्रा रमाइलो र रमणीय हुनेमा विश्वस्त छौँ।'

आयोजकका अनुसार अमेरिकाका न्युयोर्क, वासिङ्टन डिसी, ओहायो, कोलोराडो, बोस्टन, पेन्सेल्भेनिया, सिकागो र क्यालिफोर्निया लगायतका सहरमा कार्यक्रम हुनेछ।

# 'डिएसए स्टार-२०२४ सिजन-१५' सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं**– 'डिएसए स्टार-२०२४ सिजन-१५' को ग्राण्डफिनाले सम्पन्न भएको छ। परिवर्तन ईभेन्ट हाउस प्रालिको आयोजनामा राष्ट्रिय नाच घर जमलमा सम्पन्न फिनालेमा विभिन्न विधाका प्रतियोगीताका विजेताहरू घोषणा गरिएको थियो।

नेपाल वायु सेवा निगमका कार्यकरी अध्यक्ष युवराज अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा निर्णायकमा अन्तरराष्ट्रिय स्वर्णपदक बिजेता नन्दा बस्याल, शहरी विकास मन्त्रालयका सचिव बासुदेव खनाल र चर्चित गायीका कोइराला रहेका थिए।

हर्लिक्स नेपालको मुख्य प्रायोजन रहेको कार्यक्रमलाई नेपाल वायु सेवा निगम र तारा एअरको सहयोग रहेको थियो। फाईनल अघि ३० दिनसम्म १०० जना बालबालिकाहरूलाई कोरोना स्कुल ढुंगेधारामा तालिम दिइएको थियो।

कार्यक्रममा स्वागत मन्तब्य राख्दै यस किसिमको कार्यक्रमबाट बालबालिकामा लुकेका प्रतिभाहरूलाई बाहिर ल्याउन सहज वातावरण बन्ने र राष्ट्रिय मात्र नभई अन्तराष्ट्रियस्तरमा पनि प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास हुने कुरा परिवर्तन इभेन्ट हाउसकी सिईओ सोनिया जिआरले बताइन्। विजेतालाई २०२५ मा जर्जीयामा हुने अन्तरराष्ट्रिय प्रतियोगीतामा नेपालको तर्फबाट प्रतिनिधित्व गराइने छ। साथै म्युजिक भिडियो पुरस्कारको रूपमा प्रदान गरिने छ।

### डिएसए स्टार सिजन १५ बिजेताहरू

**मिनि डान्सिङ स्टार**

विजेता: आईरा खड्का
फस्ट रनरअप: दिपशिखा इटानी
सेकेन्ड रनरअप: सिसम खतिवडा
थर्ड रनरअप: उज्वल तामाङ
फोर्थ रनरअप: सुयोग भुषाल
फिफ्थ रनरअप: प्रानिक थापा
सिक्थ रनरअप: अनुष्का तामाङ
सेभेन्थ रनरअप: इभा गुरुङ

**जुनियर डान्सिङ स्टार**

विजेता: साम्देन थिङ
फस्ट रनरअप: कास्वी पुन मगर
सेकेन्ड रनरअप: अफ्रिल राई
थर्ड रनरअप: रिजा अधिकारी
फोर्थ रनरअप: समारिका ढकाल
फिफ्थ रनरअप: आर्या खनाल
सिक्थ रनरअप: क्रिञ्जल सापकोटा

**जुनियर सिंगिङ स्टार**

विजेता: आहान पोख्रेल
फस्ट रनरअप: सान्भी काप्री
सेकेण्ड रनरअप: श्रयाम केसी

**प्रि-टिन डान्सिङ स्टार**

विजेता: श्रृष्टी ढकाल
फस्ट रनरअप: सैना राई
सेकेन्ड रनरअप: जिज्ञाषा शाही ठकुरी
थर्ड रनरअप: निरिषा बुर्लाकोटी
फोर्थ रनरअप: प्रसिद्धि शर्मा
फिफ्थ रनरअप: साकुरा चौलागाईं

**प्रि-टिन सिंगिङ स्टार**

विजेता: मनश्री भट्ट
फस्ट रनरअप: प्रशव भट्ट
सेकेन्ड रनरअप: सम्राट सिधाली मगर

**एक्टिङ स्टार**

विजेता: सचिन ढकाल
फस्ट रनरअप: ओजस्वी पौडेल
सेकेन्ड रनरअप: प्रिजाम पोख्रेल
थर्ड रनरअप: सोहन श्रेष्ठ



# झापा कपको उपाधि चर्च ब्वाइजलाई



■ प्रभाव संवाददाता

**झापा** – झापा कपको उपाधि आज चर्च ब्वाइज युनाइटेड क्लबले जितेको छ। उपाधि जितेसँगै चर्च ब्वाइजले नगद रु १० लाख पुरस्कार प्राप्त गरेको छ।

उपविजेता एनआरटी क्लबले पाँच लाख प्राप्त गरेको छ। झापा-११ द्वारा विर्तामोडस्थित डोमालाल रङ्गशालामा आज भएको फाइनल खेलमा चर्च ब्वाइजले एनआरटीलाई ३-१ गोलअन्तरले पराजित गरेको हो। गतवर्ष झापा गोल्डकपको छैटौं संस्करण पनि चर्च ब्वाइजले नै जितेको थियो।

खेलको २१औं मिनेटमा चर्च ब्वाइजका समिर तामाङले एनआरटीका डिफेन्डरको मिसपासलाई सदुपयोग गर्दै पहिलो गोल गर्न सफल भएका थिए। खेलको ४३औं मिनेटमा चर्च ब्वाइजले अग्रतालाई दोब्बर बनायो। रोहन कार्कीले डिबक्समा मिलाइदिएको पासलाई विदेशी खेलाडी अर्मान्डले गोल गरेका थिए।

त्यसको लगत्तै एनआरटीले १ गोल फर्कायो। विदेशी खेलाडी कार्लोसले दिएको क्रस पासमा कप्तानसमेत रहेका अञ्जन विष्टले गोल गर्दै नतिजा १-२ बनाएका थिए।

खेलको अतिरिक्त समयमा समिर तामाङको पासमा अर्मान्डले अर्को गोल गर्दै चर्च ब्वाइजको जित सुनिश्चित गरेको थियो। खेलको प्लेयर अफ द म्याच विजेता टिम चर्च ब्वाइजका समिर तामाङ भएका छन्। उनले नगद रु १० हजार पुरस्कार प्राप्त गरे।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका क्रिशल मोक्तान, प्रतियोगितामा सर्वाधिक गोलकर्ता एनआरटीका अञ्जन विष्ट, झापा ट्यालेन्टका रूपमा छनोट भएका झापा-११ का प्रदिप बुढाथोकीले जनही रु ३५ हजार नगद प्राप्त गरेका छन्। 'मस्ट भ्यालुएबल प्लेयर' चर्च ब्वाइजका रोहन कार्की भए। उनले नगद रु एक लाख प्राप्त गरे।

यसैबीच, झापा ११ एफसीका व्यवस्थापक गोपाल राईलाई क्लबले नगद रु २५ हजारसहित लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरेको थियो।

विजेता तथा उपविजेतालाई प्रमुख अतिथि संविधानसभा सदस्य सुधीरकुमार शिवाकोटी, गोर्खा टी स्टेटका सञ्चालक उदय चापागाईं, आयोजक झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङ, नेपाल उद्योग वाणिज्य महासङ्घ कोशीका पूर्वअध्यक्ष टीकाराज ढकाल, अर्जुनधारा नगरप्रमुख बलदेव गोम्देन, बिर्तामोडका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालगायतले पुरस्कार वितरण गरेका थिए।

# एनएनआइपिए स्पोर्ट्स अवार्ड पुस तेस्रो साता

■ प्रभाव संवाददाता

**काठमाडौं** – १९औं एनएनआइपिए स्पोर्ट्स अवार्ड पुस तेस्रो साता हुने भएको छ। नेपाल राष्ट्रिय तथा अन्तर ाष्ट्रिय खेलाडी संघले आफ्नो वार्षिक कार्यक्रम अनुसार प्रत्येक वर्ष खेलाडीको प्रोत्साहनका अवार्ड कार्यक्रमा सञ्चालन गर्दै आएको छ। सोही कार्यक्रमलाई निरन्तरता दिँदै पुस २० गते शनिबार अवार्ड कार्यक्रम गर्न लागेको संघले जनाएको छ।

संघका अनुसार अवार्ड कार्यक्रममा गत वर्ष आयोजना भएको १९औं एसियाली खेलकुद प्रतियोगितामा समावेश भएका २९ खेललाई आधार मानेर सम्बन्धित संघले सिफारिस गरिएका खेलाडीलाई वर्ष उत्कृष्ट खेलाडी-२०८० बाट सम्मान गरिनेछ। संघका अनुसार २९ खेलमध्येका उत्कृष्ट खेलाडीलाई १० हजार रूपैयाँ दिइने छ।

उत्कृष्ट खेलाडीमध्येबाट एक पुरुष र एक महिलालाई सर्वोकृष्ट खेलाडी अर्वाडबाट एक लाख रूपैयाँले सम्मानित गरिने छ।

एक पुरुष र एक महिला प्रतिभाशाली खेलाडीलाई ५० हजार, एकजना पाका खेल व्यक्तिलाई गजराज आर्दश खेल व्यक्तित्वबाट ३५ हजार, एक खेल पत्रकारलाई एनएनआइपीए खेल पत्रकारिता पुरस्कारबाट ३५ हजार र एक जना वर्ष उत्कृष्ट पारा खेलाडीलाई १५ हजार रूपैयाँबाट सम्मान गरिने संघले जनाएको छ।


धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

(सूचना प्रकाशित मिति २०८१।०९।०९)

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१।०६।३० गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १. | DPTRM/SBG/ NCB/WORK–०५/०८१/०८२ | धनपालथान-४ बेनि आ.वि. देखि गदिया खोला साविक कदमाहा ३ हुँदै धनपालथान-६ पिण्डेश्वर आ.वि. सम्मको सडक कालोपत्रे | श्री सेलेक्ट कन्स्ट्रक्सन प्रा.ली.काठमाण्डौ | रु.१,०२,७२,७६०।१२ |
| २. | DPTRM/SBG/ NCB/WORK–०७/०८१/०८२ | डकुवाडंगा बाटो कालोपत्रे निर्माण गर्ने र सोराभाग टोल सतरु मण्डलको घर देखि पुर्व भलुवा खोला पुल हुदै बेतौना सडक कालोपत्रे धनपालथान-३ | श्री स्नेहा निर्माण सेवा बिराटनगर-१३ | रु.३६,१०,४४८।५० |
| ३. | DPTRM/SBG/ NCB/WORK–०८/०८१/०८२ | भंगापुल उत्तर रंगपुर हुदै फुटानीचौक जोडने सडक कालोपत्रे (छैठौ खण्ड) र कर्सिया-पानी टंकी देखि उत्तर कालिका स्कुल हुदै फुटानी चौक जोड्ने सडक कालोपत्रे(आठौ खण्ड) धनपालथान-५ | श्री स्नेहा निर्माण सेवा बिराटनगर-१३ | रु.३६,५६,७८१।४५ |
| ४. | DPTRM/SBG/ NCB/WORK–०९/०८१/०८२ | राजागढ देखि बरियाती जाने सडक कालोपत्रे गर्ने र शारदा स्कुल दक्षिण हरकपुर हुदै लखन्तरी आनन्द चौक सम्मको सडक कालोपत्रे गर्ने धनपालथान-४ | श्री स्नेहा निर्माण सेवा बिराटनगर-१३ | रु.२८,००,१०४।२२ |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| | १,४९,८०० | ० | १७९५ |

## ‘पर्यटकलाई कुनै पनि समस्या आउन दिनुहुँदैन’



■ प्रभाव संवाददाता

**काठमाडौं**– संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटकलाई कुनै पनि समस्या नहुने गरी सहजीकरणको व्यवस्था मिलाउन विमानस्थलसम्बद्ध निकायका अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्बद्ध निकायको बैठकमा सोमबार मन्त्री पाण्डेले विदेशी नागरिक पहिलोपटक प्रवेश गर्ने अन्तर्राष्ट्रिय विमानस्थल संवेदनशील क्षेत्र भएकाले सकारात्मक सन्देश दिने गरी सबै जिम्मेवार भएर लाग्न निर्देशन दिएका हुन् । ‘यो विमानस्थल संवेदनशील क्षेत्र हो । त्यसैले सुरक्षा निकायको भूमिका अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ । हाम्रा सेवा यात्रुमैत्री हुन जरुरी छ । एकपटक आउने विदेशी पर्यटकलाई पटक-पटक यहाँ आउने वातावरण बनाउनुपर्छ’, मन्त्री पाण्डेले भने ।

उनले ४६ लाख क्षमता भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले हाल ९० लाख यात्रुलाई सेवा दिनुपर्ने बाध्यता रहेकाले प्रविधिमैत्री सेवा प्रवाह गरी सेवा चुस्तदुरुस्त बनाउनसमेत आग्रह गरे । मन्त्री पाण्डेले विमानस्थलमा देखिएका समस्याहरूको पहिचान गरी १५ दिनभित्र कार्ययोजना बनाएर अघि बढ्न निर्देशन दिए ।

उनले भने, ‘भन्सार, अध्यागमन, एयरलाइन्स, क्यान कसले के-के काम गर्ने र कति सयमभित्र गर्ने भनि कार्यायाजनासहित अगाडि बढ्न आवश्यक छ । त्यसका लागि १५ दिनभित्र योजना बनाउनुहोस् । अन्तरमन्त्रालयमार्फत हुने समन्वयात्मक कार्यका लागि हामी सधैं अग्रसर रहनेछौं ।’

## रसुवागढीबाट विद्युत् उत्पादन सुरू

**रसुवा (प्रस)** – उत्तरी रसुवाको टिमुरेस्थित रसुवागढी हाइड्रो पावरले परीक्षण उत्पादन सफल भएको छ । गोसाइँकुण्ड गाउँपालिका वडा नं १ र २ को तातोपानीस्थित भोटेकोसीको तटीय क्षेत्रमा भूमिगत संरचनाबाट सो विद्युत् गृह निर्माण गरिएको छ ।

उक्त विद्युत् गृहमा जडित ३३/३३ मेगावाट क्षमताको तीनवटा मेसिन विद्युत् उत्पादनहुने जनाइएको छ । हाल चिसोयामका कारण खोलाको पानी बहाव घटेपछि पहिलो परीक्षणबाट ५२ मेगावाट विद्युत् उत्पादन गरिएको आयोजना प्रमुख सत्यराम ज्याख्वाले जानकारी दिए । तीनवटै युनिट चालु गराईसकिएको र वर्षायाममा भने क्षमताअनुसार विद्युत् उत्पादन हुने उनले बताए ।

सो आयोजना कूल लागत रु १८ अर्ब ६९ करोड २० लाखको रहेको बताइएको छ । सन् २०१४ देखि पूर्णरूपमा निर्माण सुरू भए पनि विगतमा भएको पेट्रोलियम पर्दाथको अभाव, विसं २०७२ को विनाशकारी भूकम्प, भोटेकोशीमा बर्सातको समयमा आइरहने बाढी, वर्षायाममा राजमार्ग अवरूद्ध हुँदा सामान ढुवानीमा परेको असरले निर्माण सम्पन्न गर्न केही समय ढिलाइ भएको बताइएको छ ।

रसुवागढी जलविद्युत्ले वार्षिकरूपमा रु ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत् उत्पादन गरेर रु तीन अर्ब २५ करोड आय गर्ने आयोजनाले गर्ने छ । रसुवागढीमुनि भोटेकोशीमा बाँध बानेर चार हजार एक सय ८५ मिटर सुरूङको सहायताले टिमुरे गाउँको दुहार तातोपानीपारिको पहराभित्र निर्माण गरिएको विद्युत् गृहमा तीनवटा टर्वाइन जडान भएको र जडित सबै उपकरण चालु भइसकेको प्राविधिकले बताएका छन् ।

चिलिमे जलविद्युत् कम्पनीको भगेनी संस्था रसुवागढी जलविद्युत् कम्पनीमार्फत सो आयोजना निर्माण भएको हो । यहाँको चिलिमे जलविद्युत् केन्द्रलाई धितो बन्धक राखी कर्मचारी सञ्चय कोषको ऋण, नेपाल विद्युत् प्राधिकरण र स्थानीय निकाय समेतको सेयर लगानीमा सो आयोजना निर्माण सम्पन्न भएको हो ।

## कर्पोरेट

### महिला उद्यमीबाट उत्पादित सामग्रीको बिक्री तथा प्रदर्शनी



**काठमाडौं (प्रस)**– उद्यमी महिलाले तयार गरेको विभिन्न सीप तथा व्यवसायमूलक उत्पादनका सामग्रीहरूको बिक्रि तथा प्रर्दशनका लागि आयोजना गरिएको विन्टर कार्निभल २०२४ सम्पन्न भएको छ। बुढानीलकण्ठ नगरपालिका स्थित इटालीटारमा रहेको सुम्दिमा सिल्क प्लालेसको परिसरमा आयोजना गरिएको कार्यक्रम नगरपालिकाकी उपप्रमुख अनिता लामा, चर्चित अभिनेत्री मनीषा कोइरालाले सयुक्त रूपमा शुभारम्भ गरेका थिए ।

बुढानिलकण्ठ इटलीटारमा रहको सुम्दिमा सिल्क प्लालेस र वेलकम इभेन्ट म्यानेजमेन्टले आयोजना गरिएको कार्यक्रममा हस्तकलाका सामग्री, बिभिन्न कपडाहरू, घरेलु उत्पादित विभिन्न खाद्य पदार्थ अन्तराष्ट्रिय ब्राण्डका तयारी पैँसँक्हरू प्रर्दशनीका साथै बिक्रि गरिएको थियो । उपप्रमुख लामा र अभिनेत्री कोईरालाले महिलाहरूको सीप र उद्यमशीलता प्रवर्द्धनका लागि व्यवस्थित र सुन्दर संयोजन सहितको कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्दै उद्यमशीलता प्रवर्द्धनमा सँगसँगै हुने प्रतिबद्धता जनाइन् । कार्यक्रममा मनिषा भट्टराई वासकोटा र अनु पाठकले संयोजन गरेका थिए ।

### लगानी कोष र म्याग्दी हाइड्रोपावरबीच सेयर प्रत्याभूतिको सम्झौता

**काठमाडौं (प्रस)**– नागरिक लगानी कोष र म्याग्दी हाइड्रोपावर लिमिटेडबीच



सेयर प्रत्याभूतिको सम्झौता भएको छ । सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र म्याग्दी हाइड्रोपावरका अध्यक्ष भरतप्रसाद नेपालले आइतबार आयोजित एक कार्यक्रममा हस्ताक्षर गरे ।

म्याग्दी हाइड्रोले प्रतिसेयर रु एक सयका दरले ४७ लाख ४५ हजार कित्ता बापत रु ४७ करोड ४५ लाख बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौताको अवधि छ महिनाको हुने कोषले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

### २९ अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २८ दशमलव ९१ अंक अर्थात् एक दशमलव ११ प्रतिशतले बढेर दुई हजार छसय १२ दशमलव २० विन्दुमा पुगेको छ । नेप्सेका अनुसार सोमबार विभिन्न तीन सय २८ कम्पनीका ८९ लाख आठ हजार आठ सय ५१ कित्ता सेयर ५५ हजार नौसय ३८ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४३ करोड २४ हजार छसय तीनमा कारोबार भएको छ । कारोबारपछि सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको नौ दशमलव ९९ प्रतिशत, बलेफी हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९३ प्रतिशत र नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको सेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले बढेको छ ।

त्यसैगरी मानुसी लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लाग्दा कूल ४२ वटाकम्पनीको सेयर मूल्यमा रातो देखिएको छ । नेप्सेका अनुसार कर्पोरेट डेभलपमेन्ट बैंकको तीन दशमलव १६ प्रतिशत, पिपुल्स पावर लिमिटेडको दुई दशमलव ३१ प्रतिशत, ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड-१ को एक दशमलव ९० प्रतिशत र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य एक दशमलव ८६ प्रतिशतले ओरालो लागेको छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ